## सूर्योदय नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि २०७४ लाई तेस्रो पटक संशोधन गर्न बनेको कार्यविधि, २०७८

कार्यपालिकाबाट स्वीकृत मिति २०७८।१०।२८

सूर्योदय नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि २०७४ लाई समय सापेक्ष संशोधन गर्न वाञ्छनिय भएकोले सूर्योदय नगरपालिकाको कार्यपालिकाले यो कार्यविधि जारी गरी लागु गरिएको छ।

१ यो कार्यविधिको नाम **"सूर्योदय नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि २०७४ लाई तेस्रो पटक संशोधन गर्न बनेको कार्यविधि २०७८"** रहेको छ।

२ यो कार्यविधि कार्यपालिकाबाट पारित भइ राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ।

३ सूर्योदय नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि २०७४ (यस पछि मुल कार्यविधि भनिएको दफा ५ मा अन्तर्वार्ता र सूचिकरण समितिको नाम संशोधन गरी **पदपूर्ति तथा सिफारिस समिति** राखिएको छ।)

**४ मूल कार्यविधिको दफा ७ को उपदफा २ पछि (२ क) संशोधन गरिएको छ।**

२ (क) जुन आर्थिक वर्षमा विज्ञापन आव्हान गरी करारमा कर्मचारी नियुक्ति गरिएको हो सोही आ. व. मा सोही विज्ञापनबाट नियुक्ति भएको कर्मचारी वा पालिका वा अन्तर्गतका कार्यालयहरुमा सोही पद तह तथा समूहमा अन्य कुनै कर्मचारी जुनसुकै कारणबाट रिक्त भएमा समेत वैकल्पिक उम्मेद्वारहरुलाई योग्यताक्रमका आधारमा नियुक्तिका लागि सूचना दिई सिफारिस गर्न सकिनेछ।